# केन्द्रीय कार्यालय, अनामनगर

## *सूचना तथा प्रकाशन शाखा*

## जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३८४/०७०-७१**

निम्नलिखित पदहरु जेष्ठता र कार्यसम्पादन मूल्यांकनद्वारा पूर्ति गर्नु पर्ने भएकोले निजामती सेवा ऐन, २०४९ (तेस्रो संशोधन) अध्यादेश, २०६९ को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवार हुनेहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०७०।९।२ गतेसम्ममा दरखास्त दिन सूचना गरिन्छ ।

विज्ञापन भएको १४ (चौध) दिन भित्र रित पूर्वक थप माग प्राप्त भएमा सो पद समेत थप हुने छ ।

दरखास्त फाराम लोक सेवा आयोगको **Website: www.psc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ । सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र काठमाडौंको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्ने छ । म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन ।

पुनश्चः

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिमको लागि उम्मेदवार हुन न्यूनतम सेवा अवधि पुगेको हुनुपर्नेछ ।
(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ ।
(ग) रा.प. तृतीय श्रेणीको पदको लागि सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको हुनुपर्नेछ ।
(घ) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।
(ङ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।
(च) बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।
(छ) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिम गर्नुपर्ने छ ।
(ज) दरखास्त दस्तुर रा.प. तृतीय श्रेणीको लागि रु. ७००।- (सात सय) बुझाउनु पर्नेछ ।

## विवरण

| सि.नं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह र श्रेणी | पद संख्या |
|---|---|---|---|
| १ | १७९/०७०-७१ | इन्जिनियर, इन्जि., सिभिल, जनरल, रा.प.तृतीय | ६ (छ) |
| २ | १८०/०७०-७१ | इन्जिनियर, इन्जि., सिभिल, हाइवे, रा.प.तृतीय | १० (दश) |
| ३ | १८१/०७०-७१ | इन्जिनियर, इन्जि., सिभिल, बिल्डिङ्ग एण्ड आर्किटेक्ट, रा.प.तृतीय | ४ (चार) |
| ४ | १८२/०७०-७१ | इन्जिनियर, इन्जि., सिभिल, हाईड्रोपावर, रा.प. तृतीय | १ (एक) |
| ५ | १८३/०७०-७१ | हाइड्रोलोजिष्ट इन्जिनियर, इन्जि., सिभिल, हाइड्रोलोजी, रा.प. तृतीय | १ (एक) |
| ६ | १८४/०७०-७१ | टेक्निकल अफिसर/इलोक्ट्रोनिक इन्जिनियर, इन्जि., इलेक्ट्रिकल इन्जिनियरिङ्ग,इले. एण्ड टेलिकम., रा.प. तृतीय | १ (एक) |
| ७ | १८५/०७०-७१ | मेकानिकल इन्जिनियर, इन्जि. जनरल मेकानिकल, रा.प. तृतीय | १ (एक) |
| ८ | १८६/०७०-७१ | माइनिङ्ग इन्जिनियर, इन्जि., माइनिङ्ग इन्जि, रा.प.तृतीय | २ (दुई) |
| ९ | १८७/०७०-७१ | केमिकल इन्जिनियर, इन्जि., केमिकल, रा.प. तृतीय | १ (एक) |
| १० | १८८/०७०-७१ | मेटालर्जिष्ट, इन्जि., मेटालर्जिकल, रा.प. तृतीय | १ (एक) |
| ११ | १८९/०७०-७१ | निरीक्षक, इन्जि., मेट्रोलोजी, रा.प. तृतीय | १ (एक) |
| १२ | १९०/०७०-७१ | मेटेरियोलोजिष्ट., इन्जि., मेटेरियोलोजी, रा.प. तृतीय | १ (एक) |
| १३ | १९१/०७०-७१ | जियोकेमिष्ट/जियोफिजिसिष्ट/रिसर्च अफिसर/मिनरलोजिष्ट, इन्जि., जियोलोजी, जनरल जियोलोजी, रा.प. तृतीय | २ (दुई) |
| १४ | १९२/०७०-७१ | ए. ट्रा. क.अफिसर, इन्जि, सि.ए.अ. इ/ सि.ए.अ.,रा.प.तृतीय | १ (एक) |
| १५ | १९३/०७०-७१ | नापी अधिकृत, इन्जि. सर्भे, रा.प. तृतीय | ४ (चार) |
| १६ | १९४/०७०-७१ | केमिष्ट/सहायक अनुसन्धान/सहायक वैज्ञानिक अधिकृत, इन्जि., केमेष्ट्री, रा.प. तृतीय | ४ (चार) |
| १७ | १९५/०७०-७१ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार, रा.प. तृतीय | २ (दुई) |
| १८ | १९६/०७०-७१ | बागवानी विकास अधिकृत, कृषि, बागवानी, रा.प. तृतीय | २ (दुई) |
| १९ | १९७/०७०-७१ | पशु विकास अधिकृत, कृषि, लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट, रा.प. तृतीय | १ (एक) |
| २० | १९८/०७०-७१ | बाली विकास अधिकृत, कृषि, बाली विकास, रा.प. तृतीय | १ (एक) |
| २१ | १९९/०७०-७१ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण, रा.प. तृतीय | १ (एक) |
| २२ | २००/०७०-७१ | योजना अधिकृत, कृषि, एग्.इको. एण्ड मार्केटिङ्ग, रा.प. तृतीय | १ (एक) |
| २३ | २०१/०७०-७१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी, रा.प. तृतीय | २ (दुई) |
| २४ | २०२/०७०-७१ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि., रा.प. तृतीय | १ (एक) |
| २५ | २०३/०७०-७१ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री, रा.प. तृतीय | ३ (तीन) |
| २६ | २०४/०७०-७१ | सहायक अनुसन्धान अधिकृत/सहायक वैज्ञानिक अधिकृत, वन, बोटानी, रा.प. तृतीय | १ (एक) |
| २७ | २०५/०७०-७१ | कम्प्युटर इन्जिनियर, विविध, रा.प. तृतीय | २ (दुई) |
| २८ | २०६/०७०-७१ | कम्प्युटर अधिकृत/सूचना प्रविधिक अधिकृत/सूचना संरक्षण अधिकृत, विविध, रा.प. तृतीय | १ (एक) |
| २९ | २०७/०७०-७१ | अर्थशास्त्री, विविध, रा.प.तृतीय | १ (एक) |
| ३० | २०८/०७०-७१ | वातावरण निरीक्षक, विविध, रा.प. तृतीय | ५ (पाँच) |
| ३१ | २०९/०७०-७१ | रेखा बिशेषज्ञ, विविध, रा.प. तृतीय | १ (एक) |
| ३२ | २१०/०७०-७१ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण, रा.प.तृतीय | १ (एक) |
| ३३ | २११/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, बिज्ञान, रा.प. तृतीय | १ (एक) |
| ३४ | २१२/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, गणित, रा.प. तृतीय | १ (एक) |
| ३५ | २१३/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, अंग्रेजी, रा.प. तृतीय | १ (एक) |
| ३६ | २१४/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, शारिरीक शिक्षा, रा.प. तृतीय | १ (एक) |

**माग गर्ने निकायः-** (१) सामान्य प्रशासन मन्त्रालय ।

# राजपत्रांकित तृतीय श्रेणी प्राविधिक (खुला तथा समावेशी) प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ३८५/०७०-७१**

निम्न सेवा, समूह र उपसमूहका राजपत्रांकित तृतीय श्रेणी प्राविधिक (खुला तथा समावेशी) पदहरुको प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा **खुला/आ.प्र. परीक्षाको लागि स्वीकृत गरिएको फाराम** भरी दरखास्त आह्वान गरिन्छ ।

| सि. नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह र श्रेणी/तह | खुला र समावेशी | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र दिनको १:०० बजे | द्वितीय पत्र दिनको १:००बजे |
| १ | ३४१३/०७०-७१ | तथ्याङ्क अधिकृत, आ.यो. तथा तथ्याङ्क, तथ्याङ्क, रा.प.तृतीय | खुला | ४ (चार) | २०७०।११।२१ गते | २०७०।११।२२ गते |
| २ | ३४१४/०७०-७१ | तथ्याङ्क अधिकृत, आ.यो. तथा तथ्याङ्क, तथ्याङ्क, रा.प.तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| ३ | ३४१५/०७०-७१ | तथ्याङ्क अधिकृत, आ.यो. तथा तथ्याङ्क, तथ्याङ्क, रा.प.तृतीय | मधेसी | १ (एक) | | |
| ४ | ३४१६/०७०-७१ | तथ्याङ्क अधिकृत, आ.यो. तथा तथ्याङ्क, तथ्याङ्क, रा.प.तृतीय | अपाङ्ग | १ (एक) | | |
| ५ | ३४१७/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल, रा.प.तृतीय | खुला | ७ (सात) | २०७०।११।८ गते | २०७०।११।९ गते |
| ६ | ३४१८/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल, रा.प.तृतीय | महिला | २ (दुई) | | |
| ७ | ३४१९/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल, रा.प.तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| ८ | ३४२०/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल, रा.प.तृतीय | मधेसी | २ (दुई) | | |
| ९ | ३४२१/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल, रा.प.तृतीय | अपाङ्ग | १ (एक) | | |
| १० | ३४२२/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे, रा.प.तृतीय | खुला | १२ (बाह्र) | २०७०।११।१० गते | २०७०।११।११ गते |
| ११ | ३४२३/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे, रा.प.तृतीय | महिला | ३ (तीन) | | |
| १२ | ३४२४/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे, रा.प.तृतीय | आदिवासी/ जनजाति | २ (दुई) | | |
| १३ | ३४२५/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे, रा.प.तृतीय | मधेसी | ३ (तीन) | | |
| १४ | ३४२६/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे, रा.प.तृतीय | अपाङ्ग | १ (एक) | | |
| १५ | ३४२७/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे, रा.प.तृतीय | पिछडिएको क्षेत्र | १ (एक) | | |
| १६ | ३४२८/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, रा.प.तृतीय | खुला | ६ (छ) | २०७०।११।१२ गते | २०७०।११।१३ गते |
| १७ | ३४२९/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, रा.प.तृतीय | महिला | २ (दुई) | | |
| १८ | ३४३०/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, रा.प.तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| १९ | ३४३१/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्ट, रा.प.तृतीय | मधेसी | १ (एक) | | |
| २० | ३४३२/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, इरिगेशन, रा.प.तृतीय | महिला | १ (एक) | २०७०।११।१४ गते | २०७०।११।१६ गते |
| २१ | ३४३३/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर, रा.प.तृतीय | खुला | १ (एक) | २०७०।१२।५ गते | २०७०।१२।६ गते |
| २२ | ३४३४/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर, रा.प.तृतीय | महिला | १ (एक) | | |
| २३ | ३४३५/०७०-७१ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइड्रोपावर, रा.प.तृतीय | मधेसी | १ (एक) | | |
| २४ | ३४३६/०७०-७१ | हाईड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाईड्रोलोजी, रा.प. तृतीय | खुला | २ (दुई) | २०७०।११।१९ गते | २०७०।११।२०गते |
| २५ | ३४३७/०७०-७१ | हाईड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाईड्रोलोजी, रा.प. तृतीय | महिला | १ (एक) | | |
| २६ | ३४३८/०७०-७१ | हाईड्रोलोजिष्ट इञ्जिनियर, इञ्जि., सिभिल, हाईड्रोलोजी, रा.प. तृतीय | दलित | १ (एक) | | |
| २७ | ३४३९/०७०-७१ | इलेक्ट्रोनिक इञ्जिनियर/टेक्निकल अफिसर, इञ्जि., इलेक्ट्रिकल इञ्जिनियरिङ्ग,इले एण्ड टेलिकम., रा.प. तृतीय | खुला | १ (एक) | २०७०।११।२१ गते | २०७०।११।२२ गते |
| २८ | ३४४०/०७०-७१ | मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल, रा.प. तृतीय | खुला | १ (एक) | २०७०।११।२३ गते | २०७०।११।२५ गते |
| २९ | ३४४१/०७०-७१ | मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल, रा.प. तृतीय | मधेसी | १ (एक) | | |
| ३० | ३४४२/०७०-७१ | माइनिङ्ग इञ्जिनियर, इञ्जि., माइनिङ्ग इञ्जि., रा.प. तृतीय | खुला | २ (दुई) | २०७०।११।२६ गते | २०७०।११।२७ गते |
| ३१ | ३४४३/०७०-७१ | माइनिङ्ग इञ्जिनियर, इञ्जि., माइनिङ्ग इञ्जि., रा.प. तृतीय | महिला | १ (एक) | | |
| ३२ | ३४४४/०७०-७१ | माइनिङ्ग इञ्जिनियर, इञ्जि., माइनिङ्ग इञ्जि., रा.प. तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| ३३ | ३४४५/०७०-७१ | माइनिङ्ग इञ्जिनियर, इञ्जि., माइनिङ्ग इञ्जि., रा.प. तृतीय | मधेसी | १ (एक) | | |
| ३४ | ३४४६/०७०-७१ | केमिकल इञ्जिनियर, इञ्जि., केमिकल, रा.प. तृतीय | खुला | १ (एक) | २०७०।११।२८ गते | २०७०।११।२९ गते |
| ३५ | ३४४७/०७०-७१ | केमिकल इञ्जिनियर, इञ्जि., केमिकल, रा.प. तृतीय | मधेसी | १ (एक) | | |
| ३६ | ३४४८/०७०-७१ | मेटालर्जिष्ट, इञ्जि., मेटालर्जिकल, रा.प. तृतीय | खुला | १ (एक) | २०७०।११।३० गते | २०७०।१२।१ गते |
| ३७ | ३४४९/०७०-७१ | मेटालर्जिष्ट, इञ्जि., मेटालर्जिकल, रा.प. तृतीय | मधेसी | १ (एक) | | |
| ३८ | ३४५०/०७०-७१ | निरीक्षक, इञ्जि., मेट्रोलोजी, रा.प.तृतीय | खुला | १ (एक) | प्रथम पत्र- २०७०।११।१७ गते ११:०० बजे<br>द्वितीय पत्र- २०७०।११।१७ गते १:०० बजे | |
| ३९ | ३४५१/०७०-७१ | निरीक्षक, इञ्जि., मेट्रोलोजी, रा.प.तृतीय | महिला | १ (एक) | | |
| ४० | ३४५२/०७०-७१ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी, रा.प. तृतीय | खुला | १ (एक) | २०७०।१२।७ गते | २०७०।१२।८ गते |
| ४१ | ३४५३/०७०-७१ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी, रा.प. तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| ४२ | ३४५४/०७०-७१ | मेटेरियोलोजिष्ट., इञ्जि., मेटेरियोलोजी, रा.प. तृतीय | मधेसी | १ (एक) | | |
| ४३ | ३४५५/०७०-७१ | जियोकेमिष्ट/जियोफिजिसिष्ट/रिसर्च अफिसर/ मिनरलोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी, रा.प.तृतीय | खुला | २ (दुई) | २०७०।१२।९ गते | २०७०।१२।१० गते |
| ४४ | ३४५६/०७०-७१ | जियोकेमिष्ट/जियोफिजिसिष्ट/रिसर्च अफिसर/ मिनरलोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी, रा.प.तृतीय | महिला | १ (एक) | | |
| ४५ | ३४५७/०७०-७१ | जियोकेमिष्ट/जियोफिजिसिष्ट/रिसर्च अफिसर/ मिनरलोजिष्ट, इञ्जि., जियोलोजी, जनरल जियोलोजी, रा.प.तृतीय | मधेसी | १ (एक) | | |
| ४६ | ३४५८/०७०-७१ | इञ्जिनियरिङ्ग जियोलोजिष्ट., इञ्जि., जियोलोजी, इञ्जि. जियोलोजी, रा.प. तृतीय | मधेसी | १ (एक) | २०७०।१२।११ गते | २०७०।१२।१२ गते |
| ४७ | ३४५९/०७०-७१ | ए.ट्रा.क. अफिसर, इञ्जि., सि.ए.अ.ई., सि.ए.अ., रा.प.तृतीय | खुला | १ (एक) | २०७०।१२।१३ गते | २०७०।१२।१४ गते |
| ४८ | ३४६०/०७०-७१ | ए.ट्रा.क. अफिसर, इञ्जि., सि.ए.अ.ई., सि.ए.अ., रा.प.तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| ४९ | ३४६१/०७०-७१ | नापी अधिकृत, इञ्जि., सर्भे, रा.प. तृतीय | खुला | ५ (पाँच) | २०७०।१२।१५ गते | २०७०।१२।१६ गते |
| ५० | ३४६२/०७०-७१ | नापी अधिकृत, इञ्जि., सर्भे, रा.प. तृतीय | महिला | १ (एक) | | |
| ५१ | ३४६३/०७०-७१ | नापी अधिकृत, इञ्जि., सर्भे, रा.प. तृतीय | आदिवासी/ जनजाति | १ (एक) | | |
| ५२ | ३४६४/०७०-७१ | नापी अधिकृत, इञ्जि., सर्भे, रा.प. तृतीय | मधेसी | १ (एक) | | |
| ५३ | ३४६५/०७०-७१ | नापी अधिकृत, इञ्जि., सर्भे, रा.प. तृतीय | दलित | १ (एक) | | |
| ५४ | ३४६६/०७०-७१ | नापी अधिकृत, इञ्जि., सर्भे, रा.प. तृतीय | अपाङ्ग | १ (एक) | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५५ | ३४६७/०७०-७१ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री, रा.प. तृतीय | **खुला** | ६ (छ) | **२०७०।१२।१७ गते** | **२०७०।१२।१८ गते** |
| ५६ | ३४६८/०७०-७१ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ५७ | ३४६९/०७०-७१ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| ५८ | ३४७०/०७०-७१ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री, रा.प. तृतीय | **मधेसी** | २ (दुई) | | |
| ५९ | ३४७१/०७०-७१ | केमिष्ट/सहायक वैज्ञानिक अधिकृत/सहायक अनुसन्धान अधिकृत, इन्जि., केमिष्ट्री, रा.प. तृतीय | **पिछडिएको क्षेत्र** | १ (एक) | | |
| ६० | ३४७२/०७०-७१ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार, रा.प. तृतीय | **खुला** | २ (दुई) | **२०७०।११।१२ गते** | **२०७०।११।१३ गते** |
| ६१ | ३४७३/०७०-७१ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार,, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ६२ | ३४७४/०७०-७१ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ६३ | ३४७५/०७०-७१ | बागवानी विकास अधिकृत, कृषि, बागवानी, रा.प. तृतीय | **खुला** | २ (दुई) | **२०७०।११।१४ गते** | **२०७०।११।१६ गते** |
| ६४ | ३४७६/०७०-७१ | बागवानी विकास अधिकृत, कृषि, बागवानी, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ६५ | ३४७७/०७०-७१ | बागवानी विकास अधिकृत, कृषि, बागवानी, रा.प. तृतीय | **पिछडिएको क्षेत्र** | १ (एक) | | |
| ६६ | ३४७८/०७०-७१ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डे., रा.प. तृतीय | **खुला** | ३ (तीन) | **२०७०।१२।५ गते** | **२०७०।१२।६ गते** |
| ६७ | ३४७९/०७०-७१ | पशु विकास अधिकृत, कृषि, ला.पो. एण्ड डे.डे. रा.प. तृतीय | **पिछडिएको क्षेत्र** | १ (एक) | | |
| ६८ | ३४८०/०७०-७१ | बाली विकास अधिकृत, कृषि, बाली विकास, रा.प. तृतीय | **खुला** | २ (दुई) | **२०७०।११।१९ गते** | **२०७०।११।२०गते** |
| ६९ | ३४८१/०७०-७१ | बाली विकास अधिकृत, कृषि, बाली विकास, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| ७० | ३४८२/०७०-७१ | बाली विकास अधिकृत, कृषि, बाली विकास, रा.प. तृतीय | **अपाङ्ग** | १ (एक) | | |
| ७१ | ३४८३/०७०-७१ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।११।२३ गते** | **२०७०।११।२५ गते** |
| ७२ | ३४८४/०७०-७१ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| ७३ | ३४८५/०७०-७१ | योजना अधिकृत, कृषि, एग्.इको एण्ड मार्केटिङ्ग, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।११।८ गते** | **२०७०।११।९ गते** |
| ७४ | ३४८६/०७०-७१ | योजना अधिकृत, कृषि, एग्.इको एण्ड मार्केटिङ्ग, रा.प. तृतीय | **दलित** | १ (एक) | | |
| ७५ | ३४८७/०७०-७१ | माटो विज्ञ, कृषि, माटो विज्ञान, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | **२०७०।११।१० गते** | **२०७०।११।११ गते** |
| ७६ | ३४८८/०७०-७१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी, रा.प. तृतीय | **खुला** | ३ (तीन) | **२०७०।११।२६ गते** | **२०७०।११।२७ गते** |
| ७७ | ३४८९/०७०-७१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ७८ | ३४९०/०७०-७१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| ७९ | ३४९१/०७०-७१ | पशु चिकित्सक, कृषि, भेटेरिनरी, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ८० | ३४९२/०७०-७१ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि., रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।११।२८ गते** | **२०७०।११।२९ गते** |
| ८१ | ३४९३/०७०-७१ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री, रा.प. तृतीय | **खुला** | ३ (तीन) | **२०७०।११।१२ गते** | **२०७०।११।१३ गते** |
| ८२ | ३४९४/०७०-७१ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ८३ | ३४९५/०७०-७१ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| ८४ | ३४९६/०७०-७१ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ८५ | ३४९७/०७०-७१ | स.अ.अ./स.वै.अ., वन, बोटानी, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।११।८ गते** | **२०७०।११।९ गते** |
| ८६ | ३४९८/०७०-७१ | स.अ.अ./स.वै.अ., वन, बोटानी, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ८७ | ३४९९/०७०-७१ | स.अ.अ./स.वै.अ., वन, बोटानी, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ८८ | ३५००/०७०-७१ | कम्प्युटर इन्जिनियर, विविध, रा.प. तृतीय | **खुला** | ४ (चार) | **२०७०।११।३० गते** | **२०७०।१२।१ गते** |
| ८९ | ३५०१/०७०-७१ | कम्प्युटर इन्जिनियर, विविध, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ९० | ३५०२/०७०-७१ | कम्प्युटर इन्जिनियर, विविध, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | २ (दुई) | | |
| ९१ | ३५०३/०७०-७१ | कम्प्युटर इन्जिनियर, विविध, रा.प. तृतीय | **अपाङ्ग** | १ (एक) | | |
| ९२ | ३५०४/०७०-७१ | कम्प्युटर अधिकृत/सूचना प्रविधि अधिकृत/सूचना संरक्षण अधिकृत, विविध, रा.प. तृतीय | **खुला** | १ (एक) | **प्रथम पत्र - २०७०।११।१७ गते दिनको ११:०० बजे**<br>**द्वितीय पत्र - २०७०।११।१७ गते दिनको १:०० बजे** | |
| ९३ | ३५०५/०७०-७१ | कम्प्युटर अधिकृत/सूचना प्रविधि अधिकृत/सूचना संरक्षण अधिकृत, विविध, रा.प. तृतीय | **महिला** | १ (एक) | | |
| ९४ | ३५०६/०७०-७१ | कम्प्युटर अधिकृत/सूचना प्रविधि अधिकृत/सूचना संरक्षण अधिकृत, विविध, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ९५ | ३५०७/०७०-७१ | कम्प्युटर अधिकृत/सूचना प्रविधि अधिकृत/सूचना संरक्षण अधिकृत, विविध, रा.प. तृतीय | **पिछडिएको क्षेत्र** | १ (एक) | | |
| ९६ | ३५०८/०७०-७१ | समाजशास्त्री, विविध, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | **२०७०।१२।१७ गते** | **२०७०।१२।१८ गते** |
| ९७ | ३५०९/०७०-७१ | अर्थशास्त्री, विविध, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।१२।२१ गते** | **२०७०।१२।२२ गते** |
| ९८ | ३५१०/०७०-७१ | टेक्सटायल इन्जिनियर, विविध, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।१२।१३ गते** | **२०७०।१२।१४ गते** |
| ९९ | ३५११/०७०-७१ | वातावरण निरीक्षक, विविध, रा.प. तृतीय | **खुला** | ६ (छ) | **२०७०।१२।१५ गते** | **२०७०।१२।१६ गते** |
| १०० | ३५१२/०७०-७१ | वातावरण निरीक्षक, विविध, रा.प. तृतीय | **महिला** | २ (दुई) | | |
| १०१ | ३५१३/०७०-७१ | वातावरण निरीक्षक, विविध, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| १०२ | ३५१४/०७०-७१ | वातावरण निरीक्षक, विविध, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| १०३ | ३५१५/०७०-७१ | वातावरण निरीक्षक, विविध, रा.प. तृतीय | **दलित** | १ (एक) | | |
| १०४ | ३५१६/०७०-७१ | रेखा विशेषज्ञ, विविध, रा.प. तृतीय | **महिला** | १ (एक) | **२०७०।१२।१९ गते** | **२०७०।१२।२० गते** |
| १०५ | ३५१७/०७०-७१ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्र., निरीक्षण, रा.प. तृतीय | **खुला** | २ (दुई) | **प्रथम पत्र - २०७०।१२।१ गते ११:०० बजे** | |
| १०६ | ३५१८/०७०-७१ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्र., निरीक्षण, रा.प. तृतीय | **मधेसी** | १ (एक) | **द्वितीय पत्र - २०७०।१२।१ गते १:०० बजे** | |
| १०७ | ३५१९/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, विज्ञान, रा.प. तृतीय | **खुला** | २ (दुई) | **२०७०।१२।७ गते** | **२०७०।१२।८ गते** |
| १०८ | ३५२०/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, विज्ञान, रा.प. तृतीय | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| १०९ | ३५२१/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, विज्ञान, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ११० | ३५२२/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, गणित, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।१२।९ गते** | **२०७०।१२।१० गते** |
| १११ | ३५२३/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, गणित, रा.प. तृतीय | **मधेसी** | १ (एक) | | |
| ११२ | ३५२४/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, सामाजिक शिक्षा, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।१२।११ गते** | **२०७०।१२।१२ गते** |
| ११३ | ३५२५/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, अंग्रेजी, रा.प. तृतीय | **मधेसी** | १ (एक) | **२०७०।११।२८ गते** | **२०७०।११।२९ गते** |
| ११४ | ३५२६/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, नेपाली, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।११।२६ गते** | **२०७०।११।२७ गते** |
| ११५ | ३५२७/०७०-७१ | प्रशिक्षक, शिक्षा, शिक्षा प्रशासन, शारीरिक शिक्षा, रा.प. तृतीय | **मधेसी** | १ (एक) | **२०७०।११।१९ गते** | **२०७०।११।२० गते** |
| ११६ | ३५२८/०७०-७१ | पुस्तकालय अधिकृत, शिक्षा, पुस्तकालय विज्ञान, रा.प. तृतीय | **खुला** | १ (एक) | **२०७०।१२।१३ गते** | **२०७०।१२।१४ गते** |

**परीक्षाको किसिमः-** लिखित, प्रयोगात्मक र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** विद्यालय निरीक्षक पदको लागि आयोगको पूर्वाञ्चल क्षेत्रीय निर्देशनालय, धनकुटा, मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, काठमाडौं, पश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, पोखरा, मध्यपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, सुर्खेत र सुदूरपश्चिमाञ्चल क्षेत्रीय निर्देशनालय, दिपायलमा लिखित परीक्षा हुनेछ । साथै अन्य पदहरुको हकमा काठमाडौंमा परीक्षा हुनेछ ।

**परीक्षा दस्तुरः-** निजामती सेवाको रा.प. तृतीय श्रेणीको लागि रु. ७००/- (सातसय) बुझाउनु पर्ने र त्यसपछिका थप प्रत्येक अन्य किसिम/समूहका लागि रु. ३००/- (तीनसय) थप दस्तुर बुझाउनु पर्ने ।

**दरखास्त दिने स्थानः-** काठमाडौंको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७०।८।१८ गतेसम्म र दोब्बर दस्तुर २०७०।८।२५ गतेसम्म ।

**प्रयोगात्मक परीक्षा र अन्तर्वार्ता हुने मितिः-**लिखित परीक्षाको नतिजा प्रकाशित हुंदा सूचना गरिने छ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**तलबः-** प्रचलित स्केल बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा सञ्चालन गर्ने सम्बन्धित मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यताः

### खुलाको लागि

१) **आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्कको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्क शास्त्र वा गणित वा जनसंख्या शास्त्र वा एप्लाइड स्टाटिस्टिक्स विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण वा तथ्याङ्क विषय सहित कुनै विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण ।

२) **इन्जि., सिभिल, जनरल उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

३) **इन्जि., सिभिल, हाइवे उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइवे इन्जिनियरिङ्ग वा ट्रान्स्पोर्टेशन इन्जिनियरिङ्ग वा स्ट्रक्चरल इन्जिनियरिङ्ग विषयमा कम्तीमा बी.ई. वा सो सरह उत्तीर्ण ।

४) **इन्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्कटेक्ट उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चरल वा सिभिल वा बिल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चरल वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

५) **इन्जि., सिभिल, इरिगेशन उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

६) **इन्जि., सिभिल, हाइड्रोपावर उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग वा हाइड्रोपावर इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

७) **इन्जि., सिभिल, हाइड्रोलोजी उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह वा हाइड्रोलोजीमा स्नातकोत्तर डिप्लोमा उपाधि वा हाइड्रोलोजीमा एम. एस्सी वा हाइड्रोलोजी विषय लिई मेटेरियोलोजीमा एम. एस्सी वा एम. टेक. वा सो सरह उत्तीर्ण ।

८) **इन्जि., इलेक्ट्रिकल इन्जिनियरिङ्ग, इलेक्ट्रोनिक एण्ड टेलिकम्युनिकेशन उपसमूहको लागिः -** कुनै विषयमा स्नातक भएको र आइ.सि.ए.ओ. बाट मान्यता प्राप्त स्तरको एरोनटिकल रेडियो मेन्टेनेन्स तालिम प्राप्त वा एरोनटिकल रेडियो मेन्टेनेन्समा डिप्लोमा वा बी.ई. रेडियो इन्जिनियरिङ्ग वा टेलिकम्युनिकेशन इन्जिनियरिङ्ग वा इलेक्ट्रोनिक इन्जिनियरिङ्ग वा एयरनेभिगेशन इन्जिनियरिङ्ग वा सो सरह उत्तीर्ण ।

९) **इन्जि., मेकानिकल, जनरल मेकानिकल उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण ।

१०) **इन्जि., माइनिङ्ग इन्जिनियरिङ्ग समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट माइनिङ्ग विषयमा बी.ई., बी.एस्सी., बी.टेक. वा सो सरह उत्तीर्ण ।

११) **इन्जि., केमिकल इन्जिनियरिङ्ग समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिकल इन्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण वा केमिकल टेक्नोलोजी विषयमा बी.टेक. वा सो सरह उत्तीर्ण वा पेट्रोलियम टेक्नोलोजी एण्ड म्यानेजमेन्ट विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१२) **इन्जि., मेटालर्जिकल समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटालर्जिकल इन्जिनियरिङ्ग वा मेटालर्जिकल विषयमा बी.ई., बी.एस्सी. वा सो सरह उत्तीर्ण वा मिनरल प्रोसेसिङ्ग विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१३) **इन्जि., मेट्रोलोजी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट भौतिक शास्त्र वा गणितमा एम.एस्सी. वा मेकानिकल वा इलेक्ट्रिकल इन्जिनियरिङ्ग विषयमा स्नातक वा सो सरह उत्तीर्ण वा विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण गरी मेट्रोलोजी विषयमा कम्तीमा तीन महिनाको तालिम प्राप्त ।

१४) **इन्जि., मेटेरियोलोजी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मेटेरियोलोजी विषयमा बी.एस्सी. वा सो सरह वा विज्ञानमा स्नातक उपाधि हासिल गरी WMO को स्टयाण्डर्ड अनुसार कम्तीमा एक वर्षको तालिम प्राप्त ।

१५) **इन्जि., जियोलोजी, जनरल जियोलोजी उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट जियोलोजी वा एप्लाइड जियोलोजी वा इन्जिनियरिङ्ग जियोलोजी वा हाइड्रो जियोलोजी वा जियोकेमिष्ट्री वा जियोलोजीकल इन्जिनियरिङ्ग वा जियोफिजिक्स विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

१६) **इन्जि., जियोलोजी, इन्जि. जियोलोजी उपसमूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट इन्जिनियरीङ्ग जियोलोजी विषयमा वा इन्जिनियरिङ्ग जियोलोजी लिई जियोलोजी वा जियोफिजिक्स वा हाइड्रोजियोलोजी वा एप्लाइड जियोलोजी वा जियोलोजीकल इन्जिनियरीङ्गमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरेको वा जियोलोजी वा जियोफिजिक्स वा जियालोजीकल इन्जिनियरीङ्गमा एम.एस्सी वा सो सरहको स्नातकोत्तर उपाधि प्राप्त गरी इन्जिनियरीङ्ग जियोलोजी सम्बन्धी विषयमा ३ महिनाको तालिम प्राप्त ।

१७) **इन्जि., सि.ए.अ. एण्ड ई., सि.ए.अ. उपसमूहको लागि** - कुनै विषयमा स्नातक भएको र एभिएशन अप्रेशन तथा ग्राउण्ड सर्भिसेज वा पर्सनल लाइसेन्सिङ्ग वा एयर ट्रान्सपोर्ट म्यानेजमेन्टमा वा एयर ट्रान्सपोर्ट म्यानेजमेन्टमा आइ.सी.ए.ओ. बाट मान्यता प्राप्त स्तरको तालिम प्राप्त वा सो सरह ।

१८) **इन्जि., सर्भे समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सर्भे वा जियोमेटिक्स इन्जिनियरिङ्गमा स्नातक वा सो सरह उत्तीर्ण गरेको ।

१९) **इन्जि., केमेष्ट्री समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट केमिष्ट्री विषयमा एम.एस्सी. वा सो सरह उत्तीर्ण ।

२०) **कृषि, कृषि प्रसार समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।

२१) **कृषि, बागवानी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।

२२) **कृषि, ला.पो. एण्ड डे.डे. समूहको लागि** - पशु विज्ञान मुख्य विषय लिई बी.एस्सी.(एगृ.) उत्तीर्ण वा बि. टेक.(डेरी टेक्नोलोजी) वा बी.भी.एस्सी. एण्ड ए. एच. वा बी.भी.एस्सी./डि.भि.एम. वा बि. टेक. एड. (लाइभस्टक एक्सटेन्सन) वा सो सरह उत्तीर्ण ।

२३) **कृषि, बाली विकास समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।

२४) **कृषि, बाली संरक्षण समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।

२५) **कृषि, एगृ. इको. एण्ड मार्केटिङ्ग समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट एगृ. इकोनोमिक्स वा एगृ. बिजनेश मुख्य विषय लिई स्नातक तह (बि.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।

२६) **कृषि, माटो विज्ञानको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञानमा स्नातक तह (बी.एस्सी. एगृ.) वा सो सरह उत्तीर्ण गरेको ।

२७) **कृषि, भेटेरिनरी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट बी.भी.एस्सी. एण्ड ए.एच.वा बि.भी.एस्सी. वा डि.भि.एम. वा सो सरह उत्तीर्ण गरी नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएको ।

२८) **कृषि, खा.पो. तथा गु.नि. समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा ४ बर्ष अवधिको खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरीङ्ग विषयमा स्नातक तह उत्तीर्ण वा साधारण विज्ञान विषयमा स्नातक तह उत्तीर्ण गरी खाद्य विज्ञान/खाद्य प्रविधि/खाद्य इन्जिनियरीङ्ग/खाद्य सुरक्षा/खाद्य वायोटेक्नोलोजी/खाद्य माइकोवायोलोजी/खाद्य टक्सीकोलोजी/खाद्य वायोकेमिष्ट्री/मानव पोषण विषयहरुमध्ये कुनै एकमा कम्तीमा २ वर्ष अवधिको स्नातकोत्तर तह उत्तीर्ण ।

२९) **वन, जनरल फरेष्ट्री समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भीकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा वा सो सरह उत्तीर्ण ।

३०) **वन, बोटानी समूहको लागि** - मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय बोटानी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण ।

३१) **विविध, कम्प्युटर इन्जिनियर पदको लागि** - कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रिकल र इलेक्ट्रोनिक इन्जिनियरिङ्गमा स्नातक वा इलेक्ट्रोनिक र कम्यूनिकेशन इन्जिनियरिङ्गमा स्नातक ।

३२) **विविध, कम्प्युटर अधिकृत वा सो सरह पदको लागि** - कम्प्युटर साइन्समा स्नातक वा कम्प्युटर इन्जिनियरिङ्गमा स्नातक वा प्रमुख विषय कम्प्युटर साइन्स लिई ३ वर्ष स्नातक वा विज्ञान (फिजिकल ग्रुप)मा स्नातक गरी स्वीकृत संस्थाबाट सिष्टम एनालिसिस डिजाइन र सफ्टवेयर डेभलपमेन्टमा कम्तीमा ९ (नौ) महिनाको डिप्लोमा प्राप्त ।

३३) **विविध, समाजशास्त्री पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट समाजशास्त्र वा मानवशास्त्रमा स्नातकोत्तर उत्तीर्ण ।

३४) **विविध, अर्थशास्त्री पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्रमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त ।

३५) **विविध, टेक्सटायल इञ्जिनियर पदको लागिः-** टेक्सटायल इञ्जिनियरिङ्ग वा टेक्सटायल टेक्नोलोजीमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोपाधि वा सो सरहको उपाधि प्राप्त ।

३६) **विविध, वातावरण निरीक्षक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

३७) **विविध, रेखा विशेषज्ञ पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण भएको र स्वीकृत संस्थाबाट रेखा विज्ञान विषयमा कम्तीमा छ महिनाको अटुट तालिम प्राप्त ।

३८) **शिक्षा, शिक्षा प्रशासन, निरीक्षण उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

३९) **शिक्षा, शिक्षा प्रशासन, विज्ञान उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट विज्ञान मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

४०) **शिक्षा, शिक्षा प्रशासन, गणित उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

४१) **शिक्षा, शिक्षा प्रशासन, सामाजिक शिक्षा उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य तथा शारीरिक शिक्षा मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण वा शारीरिक शिक्षामा स्नातक वा सो सरह उत्तीर्ण ।

४२) **शिक्षा, शिक्षा प्रशासन, अंग्रेजी उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट अंग्रेजी मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

४३) **शिक्षा, शिक्षा प्रशासन, नेपाली उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नेपाली मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण ।

४४) **शिक्षा, शिक्षा प्रशासन, शारीरिक शिक्षा उपसमूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य तथा शारीरिक शिक्षा मूल विषय लिई शिक्षाशास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण वा शारीरिक शिक्षामा स्नातक वा सो सरह उत्तीर्ण ।

४५) **शिक्षा, पुस्तकालय विज्ञान समूहको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट पुस्तकालय विज्ञानमा स्नातक वा स्नातक वा सो सरह उत्तीर्ण भई पुस्तकालय विज्ञानमा मान्यताप्राप्त संस्थाबाट घटीमा ६ महिना तालिम प्राप्त ।

**द्रष्टव्यः**

(क) दरखास्त साथ न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु {(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाणपत्र समेतका प्रतिलिपि एवं आयोगको सम्बन्धित कार्यालयमा दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्ने छ ।

(ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी निजामती कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ग) निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(घ) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ङ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(च) आयोगद्वारा तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(छ) समान श्रेणीको पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले यस्तो उम्मेदवारको दरखास्त लिइने छैन ।

(ज) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(झ) दरखास्त फारामको नमूना आयोगको **Website-*www.psc.gov.np*** बाट खुला र आ.प्र. को लागि तोकिएको दरखास्त फाराम **Download** गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण फाइलमा **विज्ञापन नं., सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर** लेखी वा कम्प्युटर टाइप गरी फाइलमा नत्थी गरी बुझाउन सकिने छ ।

(ञ) विज्ञापन भएको १४ (चौध) दिन भित्रमा थप माग प्राप्त भएमा सो समेत समावेश गरिने छ ।

(ट) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ठ) प्रत्येक सेवा अन्तर्गत एक समूह/उपसमूहको लागि खुला र समावेशी प्रतियोगिता (किसिम/समूह) का आधारमा लिईने परीक्षाहरु संयुक्त रुपमा एकै पटक एकै सिटिङ्गमा लिईने छ ।

(ड) ती किसिम/समूहभित्र फाराम भर्ने उम्मेदवारहरुले विज्ञापन अनुसारका प्रत्येक किसिम/समूहका उम्मेदवारहरुका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउटा मात्र प्रदान गरिने छ ।

(ढ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराईने छैन ।

(ण) एकभन्दा बढी किसिम/समूहमा फाराम भर्ने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणहरुको प्रत्येकको एक एक प्रति मात्र बुझाए पुग्नेछ ।

(त) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्ने र शैक्षिक योग्यता प्रदान गर्ने निकाय वा विश्वविद्यालयबाट प्राप्त हुने प्रमाणपत्र वा लब्धाङ्क विवरण (ट्रान्स्क्रिप्ट) वा लब्धाङ्कको प्रतिलिपि दरखास्तसाथ पेश गर्नु पर्नेछ ।

(थ) दरखास्त दिने अन्तिम मिति भित्रै निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको भए पनि दरखास्तसाथ न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा ट्रान्सक्रिप्ट संलग्न गर्न नसक्ने अवस्था (परीक्षा उत्तीर्ण गरेको केही दिनमात्र भएको कारणले) मा लब्धाङ्कपत्रमात्र पेश गर्ने उम्मेदवारले सोको साथमा आफूले अध्ययन गरेको शिक्षण संस्थाबाट जारी भएको आफूले अध्ययन गरेको तहको सबै परीक्षाहरु (यसमा थेसिस/प्राक्टिकल वा अन्य कुनै यस्तै आवश्यकता समेत उत्तीर्ण गरिसकेको) उत्तीर्ण गरी सबै आवश्यकता (requirements) पूरा गरिसकेको लिखित प्रमाण पेश गर्नु पर्ने र सो को आधारमा शर्त सहित (conditional) दरखास्त लिइनेछ ।

(द) शर्त सहित दरखास्त दिने उम्मेदवार लिखित परीक्षा उत्तीर्ण भई अन्तर्वार्ताको लागि छनौट भएमा अन्तर्वार्ता पूर्व नै प्रमाणपत्र वा लब्धाङ्क विवरणपत्र (ट्रान्स्क्रिप्ट) पेश गर्नु पर्ने अन्यथा अन्तिम चरणका अन्य परीक्षामा तथा अन्तर्वार्तामा सामेल नगराइने र निजको दरखास्त स्वतः रद्द हुनेछ ।

(ध) विदेशी शैक्षिक संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले प्रमाणपत्र वा ट्रान्सक्रिप्ट संलग्न गर्न नसक्ने अवस्था भएमा provisional certificate र समकक्षताको प्रमाण सहित दरखास्त दिन सक्ने छन् । तर यस्ता उम्मेदवारहरुले परीक्षा उत्तीर्ण गरेको लामो समयसम्म प्रमाणपत्र वा ट्रान्सक्रिप्ट नलिएको अवस्थामा त्यस्ता उम्मेदवारहरुको दरखास्त लिन आयोग बाध्य हुने छैन ।

(न) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(प) पाठ्यक्रम आयोगको **Website** बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी तर्फका उम्मेदवारहरुले पेश गर्नु पर्ने थप कागजातहरुः-**

समावेशी तर्फ दरखास्त दिने उम्मेदवाहरुले निजामती सेवा नियमावली, २०५० (सातौं संशोधन) को नियम १४ मा व्यवस्था भए अनुसारको निम्न बमोजिमका कागजातहरु समेत पेश गर्नु पर्नेछ ।

(क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ख) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ग) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको आधारमा,

(घ) मधेसीका हकमा नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रका हकमा ऐनको दफा ७ को उपदफा (७) मा उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको आधारमा ।

## स्वास्थ्य सेवाका सातौं तहको कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनद्वारा हुने समायोजनको बढुवा सूचना

**सूचना नं. ३८६/०७०-७१**

निम्नलिखित पदहरु कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा पूर्ति गर्नु पर्ने भएकोले स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन अध्यादेश), २०६९ को दफा ८(१) बमोजिम सम्भाव्य उम्मेदवार हुनेहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई मिति २०७०।९।२ गतेसम्ममा दरखास्त दिन सूचना गरिन्छ।

विज्ञापन भएको १४ (चौध) दिन भित्र रित पूर्वक थप माग प्राप्त भएमा सो पद समेत थप हुने छ।

दरखास्त फाराम लोक सेवा आयोगको **Website: www.psc.gov.np** बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसंग भरी दरखास्त दाखिला गर्ने अन्तिम मिति भित्र काठमाडौंको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्ने छ। म्याद नाघी प्राप्त हुन आएको दरखास्त उपर कुनै कारबाही गरिने छैन।

पुनश्च:

(क) दरखास्त फाराम साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर बृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नुपर्नेछ।
(ख) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।
(ङ) दरखास्त फाराम भर्दा स्पष्ट खुलाउनु पर्ने विवरण दरखास्त फारामको विभिन्न महलको द्रष्टव्यमा उल्लेख भए बमोजिम गर्नुपर्ने छ।
(च) दरखास्त दस्तुर सातौं तहको लागि रु. ८००।- (आठ सय) बुझाउनु पर्नेछ।

| सि.नं. | बढुवा समायोजन सूचना नं. | सेवा, समूह, उपसमूह र तह | पद संख्या |
|---|---|---|---|
| १ | २१५/०७०-७१ | स्वास्थ्य शिक्षा प्रशिक्षक, हेल्थ एजुकेशन, सातौं तह | १ (एक) |
| २ | २१६/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | २ (दुई) |
| ३ | २१७/०७०-७१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तह | २ (दुई) |
| ४ | २१८/०७०-७१ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तह | १ (एक) |

**माग गर्ने निकाय:-** (१) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय।

## स्वास्थ्य सेवाका आठौं र सातौं तहका आ.प्र. खुला र समावेशी पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ३८७/०६९-७०**

स्वास्थ्य सेवाका विभिन्न समूह, उपसमूह तथा तहका पदहरु आ.प्र., खुला र समावेशी प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्तिका लागि निम्न बमोजिमका योग्यता पुगेका उम्मेदवारहरुबाट आयोगद्वारा स्वीकृत फाराम भरी दरखास्त आह्वान गरिन्छ।

| सि. नं. | विज्ञापन नं. | पद, सेवा, समूह, उपसमूह र श्रेणी/तह | आ.प्र., खुला र समावेशी | पद संख्या | लिखित परीक्षा कार्यक्रम | |
|---|---|---|---|---|---|---|
| | | | | | प्रथम पत्र विहान ८:३० बजे | द्वितीय पत्र विहान ८:३० बजे |
| १ | ३५२९/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | खुला | २७ (सत्ताइस) | २०७०।११।८ गते | २०७०।११।९ गते |
| २ | ३५३०/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | महिला | ८ (आठ) | | |
| ३ | ३५३१/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | आदिवासी/ जनजाति | ६ (छ) | | |
| ४ | ३५३२/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | मधेसी | ५ (पाँच) | | |
| ५ | ३५३३/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | दलित | २ (दुई) | | |
| ६ | ३५३४/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | अपाङ्ग | १ (एक) | | |
| ७ | ३५३५/०७०-७१ | मेडिकल अधिकृत, स्वास्थ्य, जनरल हेल्थ सर्भिसेज, आठौं तह | पिछडिएको क्षेत्र | १ (एक) | | |
| ८ | ३५३६/०७०-७१ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं तह | खुला | २ (दुई) | २०७०।११।१० गते | २०७०।११।११ गते |
| ९ | ३५३७/०७०-७१ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं तह | महिला | १ (एक) | | |
| १० | ३५३८/०७०-७१ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं तह | आदिवासी/ जनजाति | १ (एक) | | |
| ११ | ३५३९/०७०-७१ | डेन्टल सर्जन, स्वास्थ्य, डेन्टिष्ट्री, आठौं तह | मधेसी | १ (एक) | | |
| १२ | ३५४०/०७०-७१ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं तह | खुला | ६ (छ) | २०७०।११।१२ गते | २०७०।११।१३ गते |
| १३ | ३५४१/०७०-७१ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं तह | महिला | १ (एक) | | |
| १४ | ३५४२/०७०-७१ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं तह | आदिवासी/ जनजाति | १ (एक) | | |
| १५ | ३५४३/०७०-७१ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं तह | मधेसी | १ (एक) | | |
| १६ | ३५४४/०७०-७१ | आयुर्वेद चिकित्सक, स्वास्थ्य, आयुर्वेद, जनरल आयुर्वेद, आठौं तह | पिछडिएको क्षेत्र | १ (एक) | | |
| १७ | ३५४५/०७०-७१ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ तह | आ.प्र. | १ (एक) | २०७०।११।१६ गते | २०७०।११।१७ गते |
| १८ | ३५४६/०७०-७१ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ तह | खुला | २ (दुई) | | |
| १९ | ३५४७/०७०-७१ | नर्सिङ्ग अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ्ग, सातौ तह | मधेसी | १ (एक) | | |
| २० | ३५४८/०७०-७१ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं तह | आ.प्र. | २ (दुई) | २०७०।११।१९ गते | २०७०।११।२० गते |
| २१ | ३५४९/०७०-७१ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं तह | खुला | ३ (तीन) | | |
| २२ | ३५५०/०७०-७१ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं तह | महिला | १ (एक) | | |
| २३ | ३५५१/०७०-७१ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं तह | मधेसी | १ (एक) | | |
| २४ | ३५५२/०७०-७१ | स्वास्थ्य शिक्षा प्रशिक्षक, स्वास्थ्य, हेल्थ एजुकेशन, सातौं तह | अपाङ्ग | १ (एक) | | |
| २५ | ३५५३/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | आ.प्र. | ३ (तीन) | २०७०।११।२१ गते | २०७०।११।२२ गते |
| २६ | ३५५४/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | खुला | ५ (पाँच) | | |
| २७ | ३५५५/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | महिला | १ (एक) | | |
| २८ | ३५५६/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | आदिवासी/ जनजाति | १ (एक) | | |
| २९ | ३५५७/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | मधेसी | १ (एक) | | |
| ३० | ३५५८/०७०-७१ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., जनरल मे.ल्या.टे., सातौं तह | दलित | १ (एक) | | |
| ३१ | ३५५९/०७०-७१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तह | आ.प्र. | ३ (तीन) | २०७०।११।२५ गते | २०७०।११।२६ गते |
| ३२ | ३५६०/०७०-७१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तह | खुला | ६ (छ) | | |
| ३३ | ३५६१/०७०-७१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तह | महिला | २ (दुई) | | |
| ३४ | ३५६२/०७०-७१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तह | आदिवासी/ जनजाति | १ (एक) | | |
| ३५ | ३५६३/०७०-७१ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हेल्थ इन्स्पेक्सन, सातौं तह | मधेसी | १ (एक) | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६ | ३५६४/०७०-७१ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तह | **आ.प्र.** | २ (दुई) | २०७०।११।२७ गते | २०७०।११।२८ गते |
| ३७ | ३५६५/०७०-७१ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तह | **खुला** | ४ (चार) | | |
| ३८ | ३५६६/०७०-७१ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तह | **आदिवासी/ जनजाति** | १ (एक) | | |
| ३९ | ३५६७/०७०-७१ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तह | **मधेसी** | १ (एक) | | |
| ४० | ३५६८/०७०-७१ | फार्मेसी अधिकृत, स्वास्थ्य, फार्मेसी, सातौं तह | **दलित** | १ (एक) | | |

**परीक्षाको किसिमः-** लिखित र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** काठमाडौं ।

**परीक्षा दस्तुरः-** आठौं तहको लागि रु. ९००।- (नौ सय) बुझाउनु पर्ने र त्यस पछिका थप प्रत्येक अन्य किसिम/समूहका लागि रु. ३००।- (तीन सय) थप दस्तुर बुझाउनु पर्ने ।
सातौं तहको लागि रु. ८००।- (आठ सय) बुझाउनु पर्ने र त्यस पछिका थप प्रत्येक अन्य किसिम/समूहका लागि रु. ३००।- (तीन सय) थप दस्तुर बुझाउनु पर्ने ।

**दरखास्त दिने स्थानः-** काठमाडौंको हकमा काठमाडौं उपत्यका दरखास्त संकलन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु र अञ्चल कार्यालयहरु ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७०।८।१८ गते र दोब्बर दस्तुर २०७०।८।२५ गतेसम्म ।

**अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी ।

**तलबः-** प्रचलित स्केल बमोजिम ।

**सेवा सम्बन्धी मन्त्रालयः-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## आवश्यक न्यूनतम योग्यता

### (क) आ.प्र.को लागि

१) स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन अध्यादेश, २०६९) को दफा २६ र स्वास्थ्य सेवा नियमावली २०५५ (संशोधन सहित) नियम ८१ बमोजिम तोकिएको शैक्षिक योग्यता र सेवा अवधि पूरा गरेको र ऐनको दफा २७ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

२) दरखास्त साथ स्थायी नियुक्ति पत्र र स्तरबृद्धि पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

### (ख) खुलाको लागि

१) **मेडिकल अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बी.बी.एस. वा सो सरह उपाधि प्राप्त ।

२) **डेन्टल सर्जन पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट बि.डि.एस्सी. वा बि.डि.एस. उपाधि प्राप्त ।

३) **आयुर्वेद चिकित्सक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट आयुर्वेद चिकित्सामा स्नातक उपाधि प्राप्त ।

४) **नर्सिङ्ग अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा स्नातक उपाधि प्राप्त ।

५) **स्वास्थ्य शिक्षा प्रशिक्षक पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्वास्थ्य शिक्षामा स्नातक उपाधि प्राप्त ।

६) **मे.ल्या.टे. पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजीमा स्नातक उपाधि प्राप्त ।

७) **जनस्वास्थ्य अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक उपाधि प्राप्त ।

८) **फार्मेसी अधिकृत पदको लागिः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी विषयमा स्नातक उपाधि प्राप्त ।

## द्रष्टव्यः

(क) दरखास्त साथ न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरु {(अ) लब्धांकपत्र (आ) चारित्रिक प्रमाणपत्र} र नेपाली नागरिकताको प्रमाणपत्र समेतका प्रतिलिपि एवं आयोगको सम्बन्धित कार्यालयमा दरखास्त दस्तुर बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ । प्रमाणपत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नुपर्ने छ ।

(ख) दरखास्त दिने अन्तिम मिति सम्ममा सेवा, समूह सम्बन्धी ऐन, नियम अनुसार उमेर पुगेको र उमेरको हद ननाघेको हुनु पर्नेछ । बहालवाला स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन ।

(ग) नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(घ) अनुभवको अवधि आवश्यक पर्ने उम्मेदवारहरुको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने अन्तिम मितिसम्ममा न्यूनतम सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

(ङ) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(च) आयोगद्वारा तोकिएको म्यादभित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(छ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

(ज) दरखास्त फारामको नमूना आयोगको **Website-*www.psc.gov.np*** बाट खुला र आ.प्र. को लागि तोकिएको दरखास्त फाराम **Download** गरी आवश्यक विवरण भरी तोकिएको कागजात सहित साधारण फाइलमा **विज्ञापन नं., सेवा, समूह, उपसमूह र उम्मेदवारको नाम, थर** लेखी वा कम्प्युटर टाइप गरी फाइलमा नत्थी गरी बुझाउन सकिने छ ।

(झ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ञ) उम्मेदवारले प्रवेशपत्रमा आफू उम्मेदवार हुने किसिम/समूहहरुको विवरण निर्धारित ढाँचामा अनिवार्य रुपले खुलाउनु पर्नेछ अन्यथा परीक्षामा समावेश गराइने छैन ।

(ट) एकभन्दा बढी किसिम/समूहमा फाराम भर्ने उम्मेदवारले आफूले पेश गर्ने आवश्यक प्रमाणहरु प्रत्येकको एक/एक प्रति मात्र बुझाए पुग्नेछ ।

(ठ) परीक्षार्थीले परीक्षामा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(ड) पाठ्यक्रम आयोगको Website बाट प्राप्त गर्न सकिने छ ।